# शितलहर आकस्मिक योजना, २०७८

## Cold Wave Contingency Plan 2021/22

# सप्तरी

# पहिलो अध्यावधिक

जिल्ला विपद् व्यवस्थापन समिति, सप्तरी

२०७८

**मिति २०७८ मंसिर २० मा भएको जिल्ला विपद् व्यवस्थापन समितिको  वैठकको निर्णयअनुसार तयार पारिएको**

**जिल्ला आपतकालिन  कार्यसंचालन केन्द्र सप्तरी**

**District Emergency Operation Center (DEOC)**

**Saptari**

# बिषय -सूची

१ पृष्ठभुमी..........................................................................................२-३
१.१ साधारण उदेश्य.............................................................................३
२ प्रस्तावना..........................................................................................३
२.१. सप्तरी जिल्लाको शितलहर जोखिम नक्शा.......................................................४
३ जिल्लामा शितलहरका घटनाहरु........................................................................४
४. शितलहरबाट प्रभावित हुनसक्ने क्षेत्रहरु........................................................५-६
५. पहचु ..................................................................................................६
६. बिपद् परिदृश्य तथा योजना अवधारणाहरु......................................................७
७. समन्वय र जिम्मेबारी ..........................................................................७-८
८. पुर्बतायारी प्राथमिकता..........................................................................८
९. न्युनतम तापक्रमको इतिहास......................................................................८-९
१०. जिल्लामा परिचालन हुन सक्ने जनशक्ति......................................................९-१०
११. जिल्ला उपलब्ध हुनसक्ने राहत सामग्री विवरण ..............................................१०
१२. निकायगत भूमिका तथा जिम्मेबारी ...........................................................११-१२
१३ . प्रतिकार्य विवरण..................................................................................१३
१४ .विषयगत क्षेत्रका अगुवा तथा सदस्यहरुको विवरण..........................................१४-१५

१५. शितलहरवाट जोखिम न्यूनिकरण गर्ने पूर्व तयारीहरु.......................................१६

# शितलहर आकस्मिक योजना, २०७८

## १ पृष्ठभुमी

नेपाल बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेको मुलुक हो। नेपालमा प्रत्येक वर्ष बाढी, पहिरो, चट्याङ्ग, आगलागी, सडक दुर्घटना तथा महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपका घटनाहरु घटद्छन। यसबाट ठूलो जनधनको क्षति तथा नोक्सानी हुने गरेको छ । मुलुक विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिबृष्टि, अनावृष्टि, हुरी बतास, शितलहर, तातो हावाको लहर, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ। त्यसै गरी नेपाल सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु जस्ता विश्वव्यापी रुपमा  हुनसक्ने महामारी, सर्पदंश, जनावर आतंक, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक प्रकोपबाट प्रभावित छ ।

नेपालको तराई भु-भागमा जाडोको अत्याधिक नकारात्मक असर पर्दछ। जाडो तथा शितलहरले प्रत्येक वर्ष हजारौ मानिसहरुलाई प्रभावित गर्दछ। धुलोको कणहरु सहित जाडोको तरंगले हावालाई चिसो पर्दछ । हाम्रो पछिल्लो अनुभवका अनुसार विशेष गरि जाडो पुष महिना देखि मध्य माघ महिना सम्म हुनेगरेको पाइन्छ। जमिन सतहवाट २०० देखि ४०० मिटरसम्म ढुसी तथा तुवालोले ढाक्दछ सो कारण विहानमा कम दृष्यता रहन्छ र तापक्रम न्यून हुदैं जान्छ। तापक्रम २ देखि १५ डिग्री सेल्सियससम्म कम हुदै जादा धेरै जस्तो मानिसहरु हाइपोथर्मीयाका कारण मृत्यु वरण गर्न पुग्दछन । **(Source: Meteorological Forecasting Division)**

जाडोयामको समयमा खास गरी तराईका जिल्लाहरुमा चिसो तथा शितलहरबाट मानिसहरुको असावधानीका कारणवाट हरेक वर्ष स्वास प्रस्वास, रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य सम्बन्धि समस्याबाट धेरै मानिसहरु विरामी पर्ने र केही व्यक्तिको मृत्यु समेत हुने गरेको छ । पशुपन्छी, अन्नबाली समेत प्रतिकुल प्रभाव परी धेरै मात्रामा नोक्सान हुने गरेको छ । यस वर्ष पनि जाडोयामको समय भइसकेको छ। सप्तरी जिल्लामा विगत वर्षमा जस्तै मौसमको प्रतिकुलता र बातावरणमा आउने परिवर्तनबाट शितलहर सुरु भैसकेको अवस्था छ । यस वाट विशेष गरी बाल-बालीका, जेष्ठनागरीक, सुत्केरी, गर्भवती, बाढी वाट प्रभावित भइ हालसम्म पनि पूर्नस्थापना हुन नसेका परिवारहरुलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने हुँदा उक्त जोखिमलाई न्यूनिकरण गर्न, आवश्यक  श्रोत साधनको पूर्व प्रवन्ध गर्न, सचेतना अभिवृद्धि गर्न, शितलहर प्रभावित परिवारलाई पुऱ्याउने उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि यो आकस्मिक कार्ययोजना जिल्ला विपद् व्यवस्थापन समितिले निर्माण गरेको छ ।

सो संम्बन्धमा सरोकारवाला निकाय,स्थानीय तह,जिल्ला स्वास्थ्य कार्यालय, डिभिजन वन कार्यालय,के.भि.यस सप्तरी, नेपाल रेडक्रस सोसाइटी तथा मानवीय सहयोगी संघ सस्थाहरु तथा विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्थाहरु समेतको सहभागितामा सहयोगको व्यवस्था मिलाउने ।


## १.१ साधारण उद्देश्यः

- शितलहरबाट हुन सक्ने क्षतिलाई न्यूनिकारण गरि सिमीत श्रोत र साधनको अधिकतम उपयोग गरी जिल्ला विपद् व्यवस्थापन समितिवाट गरिने प्रतिकार्य शीघ्र, उपयुक्त र प्रभावकारी बनाउनु ।
- विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुनका लागि पद्धती, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने ।
- श्रोत तथा क्षमतामा कमी तथा संरचनाहरुमा क्षति हुँदा पनि प्रभावकारी प्रतिकार्यमा जिल्ला विपद व्यवस्थापन समिति ,स्थानिय तह सवै मिलि विपद् प्रतिकार्यमा सम्लग्न हुने।
- आपतकालीन प्रतिकार्यका लागि प्रभावकारी प्रवेश, परिचालन, जिल्ला विपद् व्यवस्थापन समिति ,स्थानिय तहमा गठित स्थानिय विपद व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरुको प्रयोग सुनिश्चित गर्नका लागि प्रकृयाहरु स्थापित गरिने ।
- चिसोको समयमा कोभिड-१९को सक्रिय सङ्क्रमण रोक्न स्वास्थ्य मापदण्डलाई पूर्ण रुपमा पालना गराउने ।

## २ प्रस्तावना

यस दस्ताबेजले जिल्ला विपद् व्यवस्थापन समिति,स्थानिय तहले ठूलो विपद्को समयमा पुरा गर्नुपर्ने कार्यहरुको व्यावहारिक चित्र प्रदान गर्ने प्रयास गरेको छ।यो एउटा साधारण योजना हो जुन शितलहरको समयमा प्रयोग गर्न सकिन्छ।तथापी निश्चित अवस्थालाई मध्यनजर गरी तयार गरिएको छ ।यस योजनामा प्रतिकार्य योजना पूरा गर्नका लागि अपनाइने चरणहरुको विस्तृत रुपमा ब्याख्या गरिएको छ ।

## २.१ सप्तरी जिल्लाको शितलहर जोखिम नक्सा




## ३ जिल्लामा शितलहरका घटनाहरु

तराईका जिल्लाहरूमा हिउँदको महिना मंसिर देखि माघ/फाल्गुनसम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ।चिसोबाट केटाकेटी र बृद्धबृद्धा, गरीब परिवार शितलहरको उच्च जोखिममा रहेका छन। सप्तरी जिल्लामा विगत लामो समय देखि जाडो याममा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानिय सरकार, नेपाल रेडक्रस सोसाइटी तथा अन्य गैर-सरकारी सस्थाहरुले जाडो याममा वढि प्रभावित तथा चोक चोकमा आगो वाल्नका लागि दाउरा सहयोग गर्दै आएको छ।जिल्लामा २०७० साल देखि जोखिममा रहेका व्यक्तिहरुलाई न्यानो कपडा तथा कम्मल दिने गरेको पाइन्छ।२०७४ सालमा यस जिल्लामा शितलहरका कारण १९ जनाको मृत्यु समेत भएको थियो ।यस वर्ष पनि ५००० घर परिवार यस जाडोबाट प्रभावित हुनसक्ने आंकलन  गरिएको छ ।

## ४.शितलहर वाट प्रभावित हुन सक्ने क्षेत्रहरु

सप्तरी जिल्लाको शितलहर बाट प्रभावित हुन सक्ने क्षेत्रहरु : हनुमाननगर कंकालिनि ,सुरुँगा ,तिलाठी कोईलाडि गाउपालिका,डाक्नेश्वरी , कञ्चनरुप , छिन्नमस्ता, राजगढ , बलान विहुल , महदेवा र तिरहुत लगायतका नगरपालिका / गाउपालिका बढी प्रभावित क्षेत्रमा राखिएको छ । प्रस्तुत तथ्याङ्क विषेश गरी बालबालिका, जेष्ठनागरीक, सुत्केरी, गर्भवती , तथा वाढीवाट पुर्ण प्रभावित परिवार भई घरवार विहीनको तथ्याङ्कको आधारमा रहेको छ ।गत आ.ब.र यस आ.ब.को २०७७/७८ को जिल्ला विपद् ब्यबस्थापन समितिको बैठकबाट समेत पटक पटक स्थानिय तहहरु संग शितलहरबाट प्रभावित हुन सक्ने बिपन्न परिवार संख्या र बिबरण माग गरिएको भएता पनि हाल सम्म पनि सो यथार्थ तथ्याङ्क प्राप्त हुन् नआएकाले टेलिफोन मार्फत बिभिन्न पालिकहरुमा सम्पर्क गर्दा अनुमानित रुपमा जिल्ला भरिमा शितलहरबाट प्रभावित हुनसक्ने अनुमानित बिपन्न परिवार संख्या (५००० घरधुरीका) ५०,००० जना हुनसक्ने प्रारास्भिक अनुमान गरिएको छ।यध्यपी लामो अबधि सम्म शितलहर भई रहेमा भने यो तथ्याङ्क बढ्न सक्ने देखिएको छ।

| क्र.स. | स्थानिय तहको नाम | जनसंख्या | | | | शितलहर बाट प्रभावित हुनसक्ने अनुमानित घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | घरधुरी संख्या | पुरुष | महिला | जम्मा | | |
| १ | राजविराज नगरपालिका | १३३८४ | ३५०९२ | ३३३०४ | ६८३९६ | २०० | २००० |
| २ | शम्भुनाथ नगरपालिका | ६७६४ | १६७७६ | १८४३७ | ३५२१३ | १०० | ५०० |
| ३ | सप्तकोशी नगरपालिका | ४५३९ | १००१८ | ११११३ | २११३१ | १५० | १५०० |
| ४ | कञ्चनरुप नगरपालिका | १०१९२ | २५९५३ | २७३३५ | ५३२८८ | २५० | २५०० |
| ५ | खडक नगरपालिका | ८६१५ | २१३०८ | २४०६० | ४५३६८ | २०० | २००० |
| ६ | डाक्नेश्वरी नगरपालिका | ८१४९ | २०६८७ | २२०६७ | ४२७५४ | ३५० | ३७५० |
| ७ | बोदे बरसाईन नगरपालिका | ८०२२ | २१३१९ | २८०७१ | ४९३९० | १५० | १५०० |
| ८ | सुरुगाँ नगरपालिका | ८६५० | २०७८७ | २२४३५ | ४३२२२ | १५० | १५०० |
| ९ | हनुमाननगर कंकालिनी नगरपालिका | ८१५२ | २२७२५ | २२००९ | ४४७३४ | १०५० | १०५०० |
| १० | विष्णुपुर गाउँपालिका | ४३७० | ११४३८ | ११६०० | २३०३८ | १५० | १५०० |

| क.स. | स्थानिय तहको नाम | जनसंख्या | | | | शितलहर बाट प्रभावित हुनसक्ने अनुमानित घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | घरधुरी संख्या | पुरुष | महिला | जम्मा | | |
| ११ | वलान विहुल गाउँपालिका | ३९७६ | १०७९६ | ११०२३ | २१८१९ | २५० | २५०० |
| १२ | रुपनी गाउँपालिका | ५०१२ | १२८२४ | १३५६३ | २६३८७ | ५० | ५०० |
| १३ | महदेवा गाउँपालिका | ५३९५ | १४२१५ | १३३२७ | २७५४२ | २५० | २५०० |
| १४ | राजगढ गाउँपालिका | ५२४२ | १४४८७ | १४९७२ | २९४५९ | ३५० | ३५०० |
| १५ | तिलाठी कोईलाठी गाउँपालिका | ५६९७ | १६१८२ | १४५५१ | ३०७३३ | ४५० | ४५०० |
| १६ | तिरहुत गाउँपालिका | ४०७८ | १०९१३ | ११०९७ | २२०१० | ३५० | ३५०० |
| १७ | छिन्नमस्ता गाउँपालिका | ५४३९ | १३९२० | १३१९१ | २७१११ | ३७५ | ३७५० |
| १८ | अग्नीसाईसडर किष्णसरवन गाउँपालिका | ५४२२ | १३८४६ | १३२८३ | २७१२९ | १७५ | १७५० |
| | जम्मा | १२१०९८ | ३१३८४६ | ३२५४३८ | ६३९२८४ | **५०००** | **५००००** |

## ५. पहुचँ

सप्तरी जिल्लामा बिगतका दिनका अनुभवहरुलाई केलाउदा शितलहरको समयमा एक ठाउँ देखि अर्को स्थान सम्म जादा निकै कठिन हुने गरेको पाइएको छ ।

- शितलहरको समयमा जिल्लाका सवै जसो स्थानहरुमा बाक्लो हुस्सु तथा शितलहरका कारण भिजिविलिटि कमि भई सडक दुर्घटना हुँदा यातायातको साधन प्रयोग गर्दा त्रासको महसुस हुने गरेको ।
- अत्याधिक चिसोको कारण घर देखि वाहिर निस्कन नसक्ने अवस्था हुने गरेको ।
- कोभिड-१९को कारण चिसोमा लक्षण सहितका बिरामीहरुको सख्या बढी हुने अबस्था देखिएको ।

## ६.बिपद् परिदृश्य तथा योजना अवधारणाहरुः

विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपदबाट प्रभावित जिल्लाको सूचीमा सप्तरी पनि रहेको छ । जिल्लामा हरेक वर्ष बाढी, आगलागी, शितललहर, हावाहुरी,जनावरको आक्रमण र सडक दुर्घटनाजन्य विपद्का कारण जनधनको क्षति हुने गरेको छ । जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ मा प्रकोप स्तरीकरण गर्दा ७ स्थानमा रहेको शितलहर तथा नियमित भइरहने विपद्को समयमा मानवीय सहायतालाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक छ।त्यसैले जिल्लामा विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजनामध्ये आपतकालीन समयमा मानवजीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका लागि जिल्ला विपद व्यवस्थापन समिति सप्तरी **Cold Wave Contingency Plan** तयार गरि जिल्लाको महत्वपूर्ण दस्तावेजको रुपमा स्वामित्व ग्रहण गरेको छ ।विपद्को समयमा विपद् प्रभावितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न सप्तरी जिल्लाको साधन स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रबर्द्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ ।

## ७. समन्वय तथा जिम्मेवारी

- जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए वमोजिमका क्षेत्रगत निकाय सवैले कार्ययोजना तयार पारी शितलहरको पुर्वतयारी तथा प्रतिकार्यमा तयार रहने ।
- शितलहर प्रभावितहरूलाई विना भेदभाव राहत उपलव्ध गराउने र सो क्रममा विशेषगरी बालबालिका, जेष्ठनागरिक, अपाङ्गता, सुत्केरी तथा गर्भवती महिलालाई प्राथमिकता दिएर उद्धार गरी जीवन बचाउने ।
- कोभिड-१९को संक्रमण जाडोमा बढ्न जाने सम्भाबना रहकोले त्यसको नियन्त्रणमा जोड दिने ।
- शितलहरको प्रभावबाट सुरक्षीत राख्ने उपायहरुको सम्वन्धमा स्थानिय विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेतलाइ जोखिम न्यूनिकरण गर्नको लागी अनुरोध गर्ने ।
- कोभिड-१९ बाट संक्रमित तथा जोखिममा रहेका नागरिकहरुलाई स्वाथ्य अवस्थामा सुधार ल्याउन बिशेष प्रवन्ध मिलाउने ।

- कोभिड-१९को संक्रमण जाडोयाममा झनै बढ्ने विज्ञहरुको राय अनुसार, जोखिम न्यूनीकरणका लागि योजना तर्जुमा गर्ने ।
- विपद्को समयमा संघिय सरकार,प्रदेश सरकार, स्थानीय तह, दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाजविच समन्वय कायम गर्ने ।
- नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्ने र पृष्ठपोषण दिने ।
- शितलहरबाट प्रभावित हुन सक्ने क्षेत्र,गाउँ,टोल, परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि अगुवा सहयोगी संस्था (DLSA) को समन्वयमा सवै सरोकारवाला निकायहरुलाई विशेष गरेर दाउरा, कम्बल, न्यानो कपडा जस्ता सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा रहन लगाउने ।
- जाडोयाममा हुन सक्ने स्वास्थ्य सम्वन्धि समस्यालाई न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम तत्काल संचालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

- शितलहरबाट सुरक्षित रहनका लागि सचेतनात्मक सन्देशमूलक सूचना एवम् जानकारी स्थानिय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत उक्त सन्देशमुलक सामाग्रीहरु प्रशारण गर्न स्थानीय संचार माध्यम तथा स्थानिय गैर-सरकारी निकायवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

## ८. पूर्वतयारी प्राथमिकताः

- बिपद्संग सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय बैठक गर्ने ।
- जिल्ला भित्रका सबै स्थानिय तहका विपद व्यवस्थापन समितिहरुलाई जनचेतना मुलक कार्य गर्न लगाउने ।
- जिल्ला भित्रका सबै स्थानिय तहका विपद् व्यवस्थापन समितिहरुमा शितलहर पूर्वतयारी कार्यशाला संचालन गर्न लगाउने।
- विपद् पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने ।
- स्थानिय तहका संकटासन्न क्षेत्रको नक्साकन गर्ने ।
- विषयगत समितिहरुको नियमित बैठक गर्ने ।
- जिल्लामा थप ५००० न्यानो कपडा सेट व्यवस्थापनका लागि सरोकारवाला निकायमा पहल गर्ने ।
- सवै स्थानिय तह तथा सरोकारवाला निकाय संग समन्वय गरि आवस्यक पर्ने दाउरा पहिले नै जोहो गरी राख्ने ।
- स्थानिय एफ.एम हरुवाट जनचेतनामुलक सामाग्रीहरु प्रसारण गर्ने ।
- जल तथा मौषम विज्ञान विभागले जारि गर्ने ३ दिने बुलेटिन अनुसार पूर्वतयारी गर्ने ।

## ९. न्युनतम तापक्रमको इतिहास

क) सप्तरी लगायत तराईका जिल्लाहरुमा जाडोयाममा मौसममापन केन्द्रका अनुसार हालसम्म न्यूनतम तापक्रम भएका वर्षहरुः

| SN | Year | Digree |
|---|---|---|
| 1 | 1980 | $2.6^0$ C |
| 2 | 1980 | $3.9^0$ C |
| 3 | 2011 | $3.5^0$ C |
| 4 | 2011 | $9.2^0$ C |
| 6 | 2012 | $15.5^0$ C |
| 7 | 2012 | $11.6^0$ C |
| 8 | 1978 | $14.66^0$ C |
| 9 | 1979 | $16.6^0$ C |
| 10 | 2004 | $10.6^0$ C |
| 11 | 1978 | $6.8^0$ C |
| 12 | 1976 | $2.0^0$ C |

**(Source: Meteorological Forecasting Division)**

हालसम्मको मौसम मापनमा सप्तरी जिल्लामा रहेका मौसम मापन केन्द्रका अनुसार १९७६ डिसेम्वर महिनामा हाल सम्मकै न्युनतम तापक्रम मापन गरिएको छ ।

## १०. सप्तरी जिल्लामा परिचालन हुनसक्ने जन शक्ति क्षमता

| क्र.स. | निकाय | स्वय सेवक | स्वास्थ्यकर्मी | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाली सेना | १५० | २१ | |
| २ | नेपाल प्रहरी | २५० | ० | |
| ३ | शसत्र प्रहरी बल | २५० | १२ | |
| ४ | राजविराज नगरपालिका | १०० | १२ | |
| ५ | शम्भुनाथ नगरपालिका | १०० | १२ | |
| ६ | सप्तकोशी नगरपालिका | १०० | १२ | |
| ७ | कञ्चनरुप नगरपालिका | १०० | १२ | |
| ८ | खडक नगरपालिका | १०० | १२ | |
| ९ | डाक्नेश्वरी नगरपालिका | १०० | १२ | |
| १० | बोदे बरसाईन नगरपालिका | १०० | १२ | |
| ११ | सुरुगाँ नगरपालिका | १०० | १२ | |
| १२ | हनुमाननगर क.कालिनी नगरपालिका | १०० | १२ | |
| १३ | विष्णुपुर गाउँपालिका | १०० | १२ | |
| १४ | वलान विहुल गाउँपालिका | १०० | १२ | |
| १५ | रुपनी गाउँपालिका | १०० | १२ | |
| १६ | माहदेवा गाउँपालिका | १०० | १२ | |
| १७ | राजगढ गाउँपालिका | १०० | १२ | |
| १८ | तिलाठी कोईलाठी गाउँपालिका | १०० | १२ | |
| १९ | तिरहुत गाउँपालिका | १०० | १२ | |
| २० | छिन्नमस्ता गाउँपालिका | १०० | १२ | |
| २१ | अग्नीसाईसडर किष्णसरवन गाउँपालिका | १०० | १२ | |
| २२ | नेपाल रेडक्रस सोसाइटी, के.भि.यस सप्तरी तथा अन्य गैर सराकारी संघ सस्था | २०० | ५० | |

## ११. जिल्लामा उपलब्ध हुनसक्ने राहत सामाग्री विवरण

| क्र.स. | निकाय | कम्मल | न्यानो कपडा | त्रिपाल | आपतकालिन कोष |
|---|---|---|---|---|---|
| १ | **जिल्ला प्रशासन कार्यालय** | ० | ० | ० | **आबस्यकता अनुसार** |
| २ | नेपाली सेना | ० | ० | १५० | ० |
| ३ | नेपाल प्रहरी | ० | ० | ५० | ० |
| ४ | शसत्र प्रहरी बल | ० | ० | १२० | ० |
| ५ | राजविराज नगरपालिका | ५०० | ५०० | १५० | ३० लाख |
| ६ | शम्भुनाथ नगरपालिका | ५०० | ५०० | १५० | ५ लाख |
| ७ | सप्तकोशी नगरपालिका | ५०० | ५०० | १५० | ४ लाख |
| ८ | कञ्चनरुप नगरपालिका | ५०० | ५०० | १५० | ५ लाख |
| ९ | खडक नगरपालिका | ५०० | ५०० | १५० | ६० लाख |
| १० | डाक्नेश्वरी नगरपालिका | ५०० | ५०० | १५० | ७ लाख |
| ११ | बोदे बरसाईन नगरपालिका | ५०० | ५०० | १५० | १ करोड |
| १२ | सुरुगाँ नगरपालिका | ५०० | ५०० | १५० | ५० लाख |
| १३ | हनुमाननगर ककालिनी नगरपालिका | ५०० | ५०० | १५० | ४० लाख |
| १४ | विष्णुपुर गाउँपालिका | ५०० | ५०० | १५० | ५८ लाख |
| १५ | वलान विहुल गाउँपालिका | ५०० | ५०० | १५० | १२ लाख |
| १६ | रुपनी गाउँपालिका | ५०० | ५०० | १५० | १५ लाख |
| १७ | महदेवा गाउँपालिका | ५०० | ५०० | १५० | १० लाख |
| १८ | राजगढ गाउँपालिका | ५०० | ५०० | १५० | ३० लाख |
| १९ | तिलाठी कोईलाठी गाउँपालिका | ५०० | ५०० | १५० | २५ लाख |
| २० | तिरहुत गाउँपालिका | ५०० | ५०० | १५० | १० लाख |
| २१ | छिन्नमस्ता गाउँपालिका | ५०० | ५०० | १५० | १ करोड |
| २२ | अग्नीसाईसडर किष्णसरवन गाउँपालिका | ५०० | ५०० | १५० | ५० लाख |
| २३ | नेपाल रेडक्रस सोसाइटी, के.भि.यस ससरी तथा अन्य गैर सराकारी संघ सस्था | २००० | १२०० | १००० | २० लाख |

## १२. निकायगत भूमिका तथा जिम्मेवारी :

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | • समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>• आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग लागि समन्वय गर्ने (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय) |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | • समन्वयात्मक कार्यमा सहयोग गर्ने<br>स्रोतः आर्थिक, भौतिक, मानविय श्रोत परिचालन तथा समन्वय गर्ने |
| ३ | स्थानिय तहहरु | प्रमुख/ अध्यक्ष | • नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>• विषयगत क्षेत्रसग समन्वय गरि राहत कार्यमा सहयोग गर्ने<br>• आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिक को लागि समन्वय)<br>• तथ्यांक संकलन तथा ब्यवस्थापन<br>स्रोत : आर्थिक, भौतिक, मानविय श्रोत परिचालन तथा समन्वय गर्ने |
| ४ | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | • सुरक्षा व्यवस्था गर्ने<br>• विषयगत समितीमा रहि सहयोग गर्ने |
| ५ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | • समन्वय<br>• स्रोत संकलनमा सहयोग<br>• जनपरिचालन गर्ने |
| ६ | जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र | प्रमुख | • सूचना संकलन, समन्वय, संप्रेषण<br>• तथ्यांक ब्यवस्थापन |
| ७ | जिल्ला अगुवा सहयोगी निकाय कोशि पिडित समाज सप्तरी | प्रमुख | • राष्ट्रियःअन्तराष्ट्रिय गैरसरकारी संघःसंस्था तथा सरोकारवालासंग समन्वय र सहकार्य गर्ने<br>• स्रोतको खोजी गर्ने । |
| ८ | नेपाल रेडक्रस सोसाइटी | सभापति | • राहत खाद्यसामाग्री तथा अस्थाई आवास |

| | | | |
|---|---|---|---|
| | | | व्यवस्थापन<br>• आपतकालीन आवास तथा बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्ने |
| ९ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | • विषयगत समितीमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने<br>• सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने |
| १० | उद्योग वाणिज्य संघ | अध्यक्ष | • न्यानो कपडा तथा कम्मल सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| ११ | यातायात व्यवसायी संघ तथा प्रा.लि.हरु | अध्यक्ष | • राहात तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने । |
| १२ | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | • सहि सूचना संकलन तथा सम्प्रेषण<br>• सचेतनामुलक सुचना तथा समाचार सम्प्रेषण गर्ने |
| १३ | नागरिक समाज | संयोजक | • राहत कार्यमा सहयोग तथा समन्वय<br>• मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन सहयोग |
| १४ | पेशागत व्यवसायी समतिहरु | अध्यक्ष | • राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १५ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | • मानव स्रोत परिचालन गर्ने<br>• स्रोत संकलनमा सहयोग गर्ने<br>• गै.स.स .वीच समन्वय<br>• क्षमता विकास तथा सहजिकरण कार्य गर्ने |

## १३. प्रतिकार्य विवरण :

| सि.नं. | क्रियाकलाप | कसले | कहाँ |
|---|---|---|---|
| १ | न्यानो कपडा संकलन | नगरपालिका तथा गाउँपालिकाहरु नेपाल रेडक्रस सोसाइटी जिल्ल शाखा तथा उपशाखाहरु ,के.भि.यस.,सबल नेपाल, सेव द् सप्तरी,उद्योग वाणिज्य संघ साथै अन्य सहयोगी सस्थाहरु मार्फत न्यानो कपडा व्यवस्थापन ,कम्मल लगायत अन्य न्याना कपडाहरु मार्फत न्यानो कपडा संकलन | क्षेत्र अनुसार जिल्लाको विभिन्न स्थानहरुमा |
| २ | दाउरा संकलन | नगरपालिका, गाउँपालिकाहरु जिल्ला वन डिभिजन कार्यालय तथा सामुदायिक वन महासंघ तथा सहयोगी संघ सस्थाहरु | क्षेत्र अनुसार जिल्लाको विभिन्न स्थानहरुमा |
| ३ | राहत वितरण | जिल्ला प्रशासन कार्यालय,स्थानीय विपद व्यवस्थापन समिति, सम्बन्धित पालिकाहरु, सुरक्षाकर्मी ,नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा उपशाखाहरु,र उद्योग वाणिज्य संघहरु साथै अन्य सहयोगी सस्थाहरु | प्रभावित क्षेत्रमा |
| ४ | एम्वुलेन्स सेवा | एम्बुलेन्स संचालक संघसंस्थाहरु तथा समिति हरु | जिल्ला भरी |
| ५ | स्वास्थ्य शिविर | जिल्ला अस्पताल, सम्बन्धित पालिकाहरु तथा स्थानिय तह अन्तर्गतका स्वास्थ्य इकाइ हरु र अन्य सेवा प्रदायक संघ सस्था | प्रभावित क्षेत्रमा |
| ६ | विपद सम्बन्धी सुचना तथा जनचेतना | जिल्ला आपतकालीन कार्य संचालन केन्द्र, स्वास्थ्य कार्यालय, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु तथा सम्बन्धित पालिकाहरु | जिल्ला भर |
| ७ | सुचना व्यवस्थापन | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र तथा सम्बन्धित पालिकाहरु | जिल्ला भर |

## १४. विषयगत क्षेत्रका अगुवा तथा सदस्य विवरण :

| विषयगत क्षेत्र | जिल्ला तहमा क्षेत्रगत रूपमा नेतृत्व गर्ने निकाय | सम्पर्क व्यक्ति | फोन मोबाईल मेल | सहयोगी संघ सस्था |
|---|---|---|---|---|
| **१.खोज, तथा उद्धार र समन्वय** | जिल्ला प्रशासन कार्यालय | प्र.जि.अ.जनार्दन गौतम विपद् फोकल पर्सन : सा.प्र.जि.अ. | ०३१५२३७६२ ९८५२८५७७७७ deoc.saptari@gmail.com daosaptari1@gmail.com | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, गाउँपालिका/नगरपालिका, राजनैतिक पार्टिहरु, NGO Federation , कोशी पिडित समाज, नेपाल पत्रकार महासंघ, एफएम रेडियो, रेडक्रस सोसाईटी, सवल नेपाल, Fiden Nepal, Save The Saptari |
| **२ .खाद्य तथा कृषि** | कृषि ज्ञान केन्द्र स्थानीय तह | भगिरथ यादव | ०३१-५२००५० ,९८५२८२०७६५ dadosaptari@gmail.com | जिल्ला समन्वय समिति, पशु अस्पताल,गाउँपालिका/नगरपालिका, उद्योग वाणिज्य संघ, विश्व खाद्य कार्यक्रम, ग्लोबल सहकारी संस्था, सवल नेपाल SCDC , कोशी पिडित समाज, नेपाल रेडक्रस सोसाईटी |
| **३.आपतकालीन आवास तथा गैर खाद्य** | स.श.बि.भ.नि.आयोजना .र श.बि.भ.नि.डि.का. नेपाल रेडक्रस सोसाइटी | डिई : कृष्ण देब झा सभापति : जोगेन्द्र भगत | ९८५२८२७५२५ Udbosaptari@gmail.com ९८५२८२०१२१ | जल स्रोत तथा सिंचाई जिल्ला कार्यालय, नेपाल रेडक्रस सोसाईटी, कोशी पिडित समाज Save the Saptari गाउँपालिकाःनगरपालिका, सवल नेपाल ससरी |
| **४.आपतकालीन संरक्षण** | जिल्ला प्रशासन कार्यालय | प्र.जि.अ.जनार्दन गौतम विपद् फोकल पर्सन : सा.प्र.जि.अ. | ०३१५२३७६२ ९८५२८५७७७७ deoc.saptari@gmail.com daosaptari1@gmail.com | स्थानीयतहमा कार्यरत महिला बालबालिका तथा सामाजिक बिकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| **५ .आपतकालीन शिक्षा** | जिल्ला शिक्षा विकास तथा समन्वय ईकाई स्थानिय तहका शिक्षा शाखा | प्रमुख : विजय कुमार मण्डल | ०३१-५२००९८<br>९८५२८२०५०२<br>deosaptary@gmail.com | युनिसेफ, नेपाल रेडक्रस सोसाईटी, कोशी पिडित समाज, शिक्षक संघ,,सेभ द सप्तरी, NGO Federation, PABSON, N-PABSON |
| **६ .खानेपानी स्वच्छता तथा सरसफाइ** | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | अजय कर्ण<br>डिईः राम कुमार श्रेष्ठ | ०३१-५२१२५४<br>९८४२०२५४८७<br>०३१-५२१२५४<br>nwscrajabirajsakha@gmail.com | खानेपानी तथा सरसफाई डिभिजन,जिसस,जिल्ला प्राविधिक कार्यालय, पशु विकास कार्यालय, युनिसेफ,कोशी पिडित समाज,सबल नेपाल, Save the Saptari,SCDC,गाउपालिका/ नगरपालिका,नेपाल रेडक्रस सोसाईटी |
| **७ .आपतकालीन स्वास्थ्य** | स्वास्थ्य कार्यालय | कार्यालय प्रमुख : दुनियालाल यादव | ०३१-५२१६०६<br>Dpho.saptari@yahoo.com | खानेपानी तथा सरसफाई डिभिजन, जिसस,जिल्ला प्राविधिक कार्यालय, पशु विकास कार्यालय, युनिसेफ,कोशी पिडित समाज,सबल नेपाल,Save the Saptari,SCDC,गाउपालिका/ नगरपालिका,नेपाल रेडक्रस सोसाईटी |
| **८.पुनःनिर्माण पुनःस्थापना** | जिल्ला संमन्वय समिति, स्थानीय तह सबै | प्रमुख : प्रभाकर यादव<br>समन्वय अधिकारी | ९८४२८२१०८५<br>ddcsaptari@gmail.com | स.श.बि.भ.नि.आयोजना .र श.बि.भ.नि.डि.पूर्वाधार जिल्ला कार्यालय, नेपाल रेडक्रस सोसाईटी,कोशी पिडित समाज Save the Saptari गाउँपालिका/नगरपालिका, सवल नेपाल |
| **९.आपतकालीन संचार** | जिल्ला प्रशासन कार्यालयजिल्ला/ आपतकालीन कार्यसंचालन केन्द्र | प्र.जि.अ.जनार्दन गौतम<br>विपद् फोकल पर्सन : सा.प्र.जि.अ.<br>विनायक पौडेल | ०३१५२३७६२<br>९८५२८५७७७७<br>deoc.saptari@gmail.com<br>daosaptari1@gmail.com<br>९८४१०२८१६९ | सुरक्ष निकायहरु गाउँपालिका/नगरपालिका, राजनैतिक पार्टिहरु, NGO Federation , कोशी पिडित समाज, नेपाल पत्रकार महासंघ, एफएम रेडियो, टीभि. रेडक्रस सोसाईटी, सवल नेपाल, Fiden Nepal, Save The Saptari |

## १५. शितलहरवाट जोखिम न्यूनिकरण गर्ने पूर्व तयारीहरु :

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ ।
- शितलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नविताऔ ।
- रातको समयमा न्यानो सिरक,कम्मल जस्ता ओड्ने प्रयोग गर्ने र सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने ।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोवाट जोगाउने ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्तमात्रामा तातो खाने झोलिलो खानेकुराहरु खाने ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने ।
- शितलहर चलेको बेलामा घरेलु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने गोठ अथवा टहरामै राखेर पर्याप्त घाँस,पराल र दाना दिने ।
- चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने ।
- चिसो मौसममा  कोभिड-१९को सक्रमण बढी  हुने हुदा स्वाथ्य मापदण्डलाई अपनाउने ।
- चिसोका कारण पुशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने ।
- कोठा भित्र आगो वाली तातो पार्दा पर्याप्त भेण्टिलेशनको व्यवस्था मिलाउने ।
- यसका अत्तिरिक्त सम्वन्धित क्षेत्रगत अगुवा निकायले प्रचार प्रसारका लागि उपयुक्त सामाग्रीहरु तयार गरी मातहतका निकायहरुलाई परिपत्र गर्ने ।
- शितलहरको प्रभाव न्यून गर्न स्थानीय तह, स्थानीय विपद् व्यवस्थापन समितिहरुले जोखिममा रहेका विपन्न तथा गरीव परिवारहरुको पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटीको समन्वयमा पर्याप्त मात्रामा इन्धन, दाउरा तथा कम्बलहरु वितरणको लागि व्यवस्था मिलाउने ।